# स्थानीय राजपत्र

खण्ड : ३, जुम्ला, कर्णाली प्रदेश, संख्या : ८, मितिः श्रावण १ गते, २०७८ साल

तिला गाउँपालिका जुम्लाद्वारा प्रकाशित

भाग-२


## तिला गाउँपालिका

## गाउँ कार्यपालिकाको सूचना

# तिला गाउँपालिका सामाजिक कुरिती बिरुद्धको निति २०७७

## १. पृष्ठभूमि

समाज विकासको क्रमसंगै परम्परा देखि चलिआएका र सामाजिक तथा साँस्कृतीक रुपमा विकास भएका प्रथाहरुमा सुधारको खाँचो महसुस भईरहेको छ । समाज विज्ञानको विकास तथा विश्वव्यापिकरणको प्रभावसंगै कतिपय प्रथा वा परम्पराहरु विगतमा समाजले पचाउँदै आएको भएपनि अहिले तीनिहरु संरचनागत हिंसाको रुपमा व्याख्या हुन थालेका छन्। व्यक्ति तथा समुदाय विशेष माथि हिंसा थोपर्ने खालका कुप्रथाहरुलाई नेपालको संविधान र ऐनहरुमा फौजदारी अपराध अन्तर्गत राखिएको छ ।

नेपालको विभिन्न भूभागमा ठाउँ अनुसाँर साँस्कृतीक उपजको रुपमा फरक फरक प्रभाव रहेका बाल विवाह, छाउपडी प्रथा, दाईजो प्रथा, जातीय छुवाछुत, तथा बोक्सा बोक्सी जस्ता कुप्रथाहरुलाई कानूनले निषेध गरेको छ तरपनि यसबारे सचेतनामा कमीका कारण प्रभावकारी कार्यान्वयन भने भएको पाईदैन । वर्तमान नेपालको राजनैतिक संरचना अनुसार बनेका तीन तहकै सरकार तथा निकायहरुले यी विषयहरुमा सचेतना जगाउने र कानूनको प्रभावकारी कार्यान्वयनमा सहकार्य गर्नु आजको टड्कारो आवश्यकता रहेकोले तिला गाउँपालिकाले सामाजिक कुरीतिहरु विरुद्धका नीति जारी गरेको छ ।

## २. सामाजिक कुरीतिहरु बिरुद्धका नीतिको आवश्यकता

२.१ सामाजिक कुरीतिहरुले समाजमा पर्ने असरहरुको प्रत्यक्ष सरोकार स्थानीय तहमा नै पर्नजाने हुन्छ । समाजमा सदियौं देखि जकडीएर रहेका कुरीतिहरुको अन्त्यकालागि जनचेतना जगाउनु स्थानीय सरकारको कर्तव्य हो ।

२.२ सम्मानपुर्वक वाँच्नपाउने मानव अधिकारको आधारभूत मान्यता तथा नेपाल पक्षराष्ट्र भएका विभिन्न अन्तराष्ट्रिय सन्धी सम्झौताहरुमा गरिएका प्रतिज्ञाहरु लाई शुनीश्चित गर्नकालागि व्यवहारीक रुपमा सवैतहका सरकारहरुका नीति तथा कार्यक्रमहरुले सम्वोधन गर्न आवश्यक हुन्छ ।

२.३ नेपालको संविधानको धारा ५१(ग)(५)ले समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सवै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने राज्यका नीति हुने कुरा उल्लेख गरेको हुनाले संविधानको भावना अनुसार यस्ता प्रकारका कुरीतिहरुको अन्त्य गर्नकालागि स्थानीय तहले स्पस्ट नीति तयगर्नु आवश्यक छ ।

२.४ नेपालको संवैधानिक इतिहासमा वाल विवाहलाई पहिलो पटक वाल अधिकार हननको विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । त्यसैगरि मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ (१) ले व्यक्तिको विवाह गने उमेरकी हकमा "बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने स्पष्ट किटान गरेको छ र सोही दफाकोउपदफा (२)ले वीस वर्ष पुरा नभई भएको विवाह स्वत: वदर हुने व्यवस्था गरेकोछ ।

२.५ वाल विवाहको दर उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । विशेष गरी वालिका र महिलाहरुको सन्दर्भमा वाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सृजना गर्दछ र थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । वाल विवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्वन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, सम्वन्ध विच्छेद, वालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु अझ पिडित हुने हुँदा यसको रोकथामका लागि कदम चाल्नु अनिवार्य छ ।

२.६ विभिन्न अन्तराट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धता अनुसार नेपालले सन् २०३० सम्ममा नेपालमा बाल विवाह अन्त्य गर्ने लक्ष लिएको छ । यसकालागि स्थानीय तहहरुले पनि आफु अनुकुलका नीति तथा कार्यक्रम तर्जुमा गरि कदम चाल्नु आवश्यक हुन्छ ।

२.७ किशोरी अवस्थावाट सुरुहुने महिनावारी प्राकृतीक भएपनि यसलाई अपवित्र मानिने र अलग्गै वनाईएका असुरक्षित छाउगोठमा वस्दा महिला र किशोरीहरू सर्पले टोकेर, जंगली जनावरको आक्रमणवाट, शुद्ध हावाको अभावलेनिस्सासिएर, आगलागी भएर अकालमा मृत्यु हुने गरेको पाइन्छ । मादक पदार्थ सेवन गर्ने वा अन्य हिंश्रक मनोवृत्तिका व्यक्तिहरुवाट महिला तथा किशोरीहरूमाथि वलात्कार, यौन शोषण, यौनजन्य दुर्व्यवहार जस्ता घटनाहरू पनि बारम्बार घट्ने गरेको पाइन्छ । यसप्रकारको कुरीतिको आडमा भईरहेका दुर्घटना तथा अपराधलाई निर्मुल गर्नु आवश्यक छ ।

२.८ नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३८(३) मे महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन र त्यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून वमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनेको छ । परम्परागत रुपमा मानिदै आएको छाउपडी जस्तो कुरीति महिला माथिको हिंसाको रुपमा रहेको हुनाले महिलाको मौलिक हकको प्रत्याभुती गराउनु राज्यको प्रमुख दायित्व भित्र पर्नेकुरा हो ।



२.९ सम्मानित सर्वोच्च अदालतले २०६२ साल मै छाउपडी प्रथालाई कुप्रथा घोषित गरी छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सो पश्चात महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालयद्धारा छाउपडी प्रथा उन्मूलनका लागि छाउपडी उन्मूलन निर्देशिका २०६४ जारी गरेको छ भने मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १६८(३)ले महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन भनी यस्तो कार्यलाई फौजदारी अपराधको रुपमा ब्याख्या गरेको छ ।

२.१० महिनावारी र सुत्केरी भएको समयमा छुट्टै छाउगोठमा राखिनेतथा दुध, दही जस्ता पौष्टिक आहार खान समेत वन्देज लगाईने हुँदा नवजात शिशु र आमाको स्वास्थ्यमा समेत नकारात्मक असर परी शिशु र आमाको मृत्युदर वढनुमा सहायक भइरहेकोछ ।

२.११ परम्परागत रुपमा मानिदै आएको छुवाछुत जस्तो अमानवीय व्यवहारले नेपालको संविधानको मौलिक हक-अन्तर्गतको सम्मानपुर्वक वाँच्नपाउने हकको ठाडो उलंघन गर्दछ । त्यस्तैगरि मौलिक हकको धारा २४(१) मा "कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन" भन्ने व्यवस्था भएपनि समाजमा अझ जातीय छुवाछुत विद्यमान छ । मौलिक हकको प्रत्याभुती गराउनु सवै तहका सरकारको कर्तव्य हो ।

२.१२ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६६(१) ले "कसैलेकसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितिरिवाज, जात, जाति, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पतिको आधारमा छुवाछुत वा अन्य कुनैकिसिमको भेदभाव गर्न वा सार्वजनिक स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्न वञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नवाट वञ्चित गर्न हुँदैन" भनेर जातीय छुवाछुतलाई फौजदारी अपराध अन्तर्गत राखेको अवस्था छ ।

२.१३ जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ३(१)मा "कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुँदैन" भनेको छ भने सोही दफाको (२)ले "कसैले जातीय भेदभाव वा छुवाछूत गर्ने कार्य गर्न कुनै प्रकारको मद्दत गर्न, दुरुत्साहन गर्न, उक्साउन वा त्यस्तो कार्यको उद्योग गर्न हुँदैन" भनेको छ । यी कार्यमा कसैको संलग्नता भएमा जातीय छुवाछुत कसुर गरेको ठहरीने व्यवस्था छ ।

२.१४ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७४(१)मा "आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना वाहेक विवाह गर्ने दुलहा वा दुलहीका तर्फवाट कुनै किसिमको चल, अचल, दाइजो वा कुनै सम्पत्ति माग गरी वा लेनदेन शर्तराखी विवाह गर्न वा गराउन हुँदैन" भन्ने व्यवस्था गरि दाईजो प्रथाल्लाई अपराधीकरण गरिएको भएता पनि दाईजोकै निहुँमा महिलामाथि हुने हिंसाको रुप विकराल छ । विवाहमै वेहुलाले दाईजो नपाएको निहुँमा वेहुली छाडेर हिंड्ने तथा दाईजोकै निहुँमा दुलहीहरु जिउँदै जलाईने जस्ता अमानवीय कार्यहरु भईरहेका छन्।

२.१५ कसैलाई वोक्सी वा वोक्साको आरोप लगाउनु, सताउनु, अपहेलना गर्नु, आक्रमण गर्नु, सामाजिक वेईज्जती गर्नु वा मार्नु जघन्य अपराध हो । कसैलाई वोक्सा वोक्सीको आरोप लगाउनु मात्रपनि आरोपित व्यक्तिको सम्मान पुर्वक वाँच्न पाउने मौलिक हकको हनन हो । धामी झाँकीले समाजमा वोक्सा वोक्सी प्रथाको आडमा अन्धविश्वास फैलाउने र यसैका आडमा शोषण गर्दै आईरहेको हुनाले महिला, पुरुष, वाल वालिका, युवा तथा प्रौढ सवैलाई यसका विरुद्ध सचेतना फैलाउन जरुरी छ'।

२.१६ मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १६८ले "वोक्सा वोक्सीको आरोप लगाउने, वोक्सा वोक्सीको आरोप लगाई वसोवास गरेको ठाँउवाट निकाला गर्ने, सामाजिक वहिष्कार गर्ने, वा यस्ता प्रकृतीका अन्य जुनसुकै काम गरी क्रुर, अमान्रवीय वा अपमानजन्य व्यवहार गर्ने" कार्यलाई फौजदारी अपराध मानेको छ । त्यसैगरि वोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ ले वोक्सा वोक्सी प्रथालाई सामाजिक कुरीतिको रुपमा व्याख्या गरि यसको नीवारण गर्ने र पिडितको संरक्षणको समेत व्यवस्था गरेको छ ।

२.१७ विभिन्न प्रकारका सामाजिक कुरीतिहरुको अन्त्यकालागि संघीय सरकारले कानून निर्माण गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग जस्ता संवैधानीक आयोगहरुले विद्यमान सामाजिक कुरीतिहरुका वारेमा अध्ययन तथा अनुसन्धानहरुका साथैकुरीतिहरुको निवारणकालागि काम गर्दैआएको भएता पनि अझ पर्याप्त रुपमा सचेतना नपुगेको कारणले यी विद्यमान छन् । स्थानीय सरकार नागरिकहरुको सवैभन्दा नजिकको अविभावक हुनुका नाताले यस्ता प्रकारका कुरीतिहरुलाई जरैदेखि फाल्नका लागि सवै सरोकारवालाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरि सामाजिक न्यायको प्रत्याभुती दिनु आवश्यक छ ।

२.१८ यो नीति स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) (ग) (३२) अन्तर्गतको काम, कर्तव्य र अधिकारलाई प्रयोग गर्न विशेष रुपमा फलदायी हुनेछ ।

३. परिभाषा : यस नीतिको प्रयोजनका लागि,-

(क) "वाल विवाह" भन्नाले मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ (१) ले तोके अनुसार २० वर्ष नपुगी गरिएको जुनसुकै प्रकारको विवाह लाई वुझिनेछ ।

(ख) "छाउपडी" भन्नाले छुई, छाउ, वाहिर हुनु, छाउपडी, छाउकुल्ला र छाउकुडी भनेर ठाउँ अनुसार विभिन्न शव्द प्रयोग गरिने सामान्यतया महिला तथा किशोरीहरु महिनावारी तथा सुत्केरी हुँदा अशुद्ध भनी छुन नहुने वा वार्ने, घरभन्दा टाढा अलगै हुनेगरि वनाईएका साँघुरा छाउगोठ, ओढार, गोठमा वस्ने र पाल तथा कपडा टाँगेर वस्ने वा वस्न वाध्य पारिने एवं दुध, दही, मही जस्ता खानेकुराहरु खान नदिने जस्ता कार्यलाई छाउपडी भनेर वुझिनेछ ।

(ग) "जातीय छुवाछूत" भन्नाले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृती, रीतिरिवाज, जात, जाती, वंश, समुदाय वा पेशाका आधारमा सार्वजनिक वा नीजि स्थानमा छुत र अछुत भनी गरिने सवैप्रकारका वन्देज वा भेदभावलाई वुझिनेछ । विश्तृतमा उल्लेख गर्नुपर्दा "जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८" को दफा ४ अनुसारका कसुरहरु जातीय छुवाछूत भित्र पर्दछन्।



(घ) "दाईजो प्रथा" भन्नाले विवाह अघि वा पछि माता पिता वा केटी पक्षको इष्टमित्र वा आफन्त वा अन्य नातेदारवाट केटीलाई वा केटी पक्षद्वारा केटालाई दिने धन सम्पत्ती रुपैया पैसा अथवा सर सामान (नगद वा जिन्सी) आदि लगायतका चल अचल सम्पति जग्गा जमिन दिने कार्यलाई दाइजो भनिन्छ । यसले नेपालको तराईका जिल्लाहरुमा प्रचलित रहेका दाईजो, दहेज, तिलक आदि विभिन्न नाममा विवाहका वेला हुने मोल मोलाई लाई पनि सम्झनु पर्नेछ ।

(ङ) "वोक्सा वोक्सी" भन्नालेकुनै व्यक्तिलाई वोक्सा, वोक्सी, डंकीनी, छौंडा, छौंडी आदि जस्ता अपमानजनक शव्द प्रयोगगरि अमानवीय कार्यगर्ने वा यस्तै अन्य नामवाट लाञ्छना लगाउने कार्य वुझिने छ । सो शव्दले वोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को दफा ३ वमोजिम गरिने जुनसुकै कार्य समेतलाई जनाउदछ ।

४. **लक्ष:** समाजमा सदियौं देखि रहँदै आएका र मन मस्तिष्कमा जरा गाडेर रहेका वाल विवाह, छाउपडी, जातीय छुवाछूत, दाईजो प्रथा र वोक्सा वोक्सी जस्ता कुरीतिहरुलाई निरुत्साहित गर्दै यस्ता कुरीतिहरुको अन्त्यगरि विभेद रहित, सभ्य तथा समतामुलक समाजको निर्माण गर्ने ।

## ५. उद्देश्य

५.१. सामाजिक कुरीतिहरुका विरुद्ध तथा यसप्रकारका कुरीतिहरुलाई अन्त्य गर्न वनेका राज्यका कानूनहरुका वारेमा समाजको तल्लोस्तर सम्म जनचेतना फैलाउने ।

५.२. सामाजिक कुरीतिहरुलाई स्थानीय प्रयास वाट निरुत्साहित गर्ने ।

५.३. सामाजिक कुरीतिहरुका विरुद्ध संघीय तथा प्रदेश सरकारले निर्माण गरेका नीति, कानून, निर्देशिका तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न मद्दत गर्ने ।

५.४. सामाजिक कुरीतिवाट पिडित भएकाहरुलाई सामाजिक न्याय प्रदान गर्ने ।

## ६. सामाजिक कुरीति बिरुद्धका नीतिहरु

### ६.१. वाल विवाह सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु

- गाउँपालिका भित्र वाल क्लव तथा सञ्जालहरुको गठन तथा पुर्नगठन गरि वाल विवाह विरुद्ध सचेतनामुलक कार्यक्रम संचालनका लागि परिचालन गरिनेछ ।
- विभिन्न समुहहरुमा सचेतनाकालागि तालिम सामग्री तथा प्रकाशन सामाग्रीहरुको तयारी गरिनेछ । व्यवस्थित अभिमुखिकरण तथा सचेतनाकालागि विज्ञहरुकोसहायता लिईनेछ ।
- वाल संरक्षण समितिहरुको गठन तथा पुर्नग्रठन एवं पुन:र्ताजगी गराई वाल विवाह रोकथाम तथा सचेतना अभियानकालागि परिचालन गरिनेछ ।
- वाल विवाहको जोखिममा रहेका क्षेत्र तथा समुदायका वाल वालिकाहको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाकालागि सिफारिस गर्ने सम्पर्क विन्दुका रुपमा रहेका, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, वालक्लव, युवा तथा किशोरी सञ्जाल जस्ता वालअधिकार संरक्षणकालागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

- सामुदायिक संघ संस्थाहरु जस्तै, भलमन्सा, किशोरी समुह, आमा समुह, उपभोक्ता समितिहरु, युवाक्लव तथा विद्यालयहरु मार्फत वाल विवाह विरुद्ध सचेतनाको कार्यक्रमहरु संचालन गरिनेछन् । यस्ता कार्यक्रमहरु संचालन गर्दा विवाह जुराउने ज्योतिषी, विवाह गराउने पुरोहित जस्ता अन्य धार्मिक तथा साँस्कृतिक गुरुहरुलाई पनि परिचालन गरिनेछ ।
- वाल विवाह लाई निरुत्साहित गर्न असल अभिभावकत्व सम्वन्धी ज्ञान सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको वातावरण सिर्जना गरिनेछ ।
- वाल विवाहका कारण उत्पन्नहुने मुल्यीकरणको समस्या तथा यसको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि गरिनेछ ।
- वाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, वाल विवाहमा सहभागी हुने तथा दाइजो, बैकल्या जस्ता प्रचलित कुप्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गरिनेछ । वाल विवाहबाट सृजित सम्वन्ध विच्छेद, मानव बेचबिखन, लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा सचेतना अभिवृद्धि गरिनेछ ।
- वाल विवाह पिडित वाल वालिका, वाल विधवा तथा बैकल्याहरूको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गरिनेछ र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रवर्द्धन तथा विस्तार गर्दै लगिनेछ ।
- वाल विवाहलाई निरुत्साहित गरि वाल विवाह मुक्त गाउँ, वडा हुँदै वाल विवाह मुक्त गाउँपालिका घोषणा गर्दै लगिनेछ ।
- वाल विवाह विरुद्ध समाजमा उल्लेख्य रुपमा भुमिका खेल्ने व्यक्तिहरु, संघसंस्थाहरु तथा समुहहरुलाई प्रोत्साहनका लागि विशेष सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ । वार्षिक रुपमा कुनै विशेष अवसर पारेर उक्त सम्मान तथा पुरस्कार वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

### दण्डात्मक नीतिहरु

- वाल विवाहलाई पूर्णतया निरुत्साहन गर्नकालागि वाल विवाह गर्ने गराउनेलाई स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधाहरु रोक्कागर्ने नीति लिईनेछ ।
- वाल विवाहका सम्बन्धमा बनेका संघीय तथा प्रदेश कानूनहरुलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । यसकालागि आवश्यक समन्वय, सहकार्य एवं साझेदारीका लागि संयन्त्र निर्माण गरिनेछ ।
- स्थानीय उद्योग, कलकारखाना तथा अन्य व्यवसायिक प्रतिष्ठानहरुमा वाल विवाह गरेका जोडीहरुकालागि रोजगारीमा बन्देज गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकासंग प्रत्यक्ष सरोकार राख्ने वा सहकार्य गर्ने भलमन्सा, सामुदायिक संस्थाहरु, उपभोक्ता समितिहरु, टोलविकास संस्थाहरु, सामुदायीक वन उपभोक्ता समितिहरु, नागरिक सचेतना केन्द्र र वाल क्लवहरुमा वाल विवाह गरेका जोडीहरुको सहभागितालाई निरुत्साहन गरिनेछ । जानाजान वाल विवाह गर्ने परिवारका सदस्यहरुलाई पनि यस्ता समितिहरुमा सहभागिता निरुत्साहीत गरिनेछ ।
- राज्य कोषबाट तलव, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले वाल विवाह लाई प्रोत्साहन हुने कुनै काम गरेको गराएको पाईएमा नीजलेखाइपाई आएको सेवा सुविधा कटौती वा रोक्का गरिनेछ । साथै संघीय एवं प्रदेश कानून अन्तर्गतको सजायकालागि सम्बन्धित निकायमा समन्वय गरिनेछ ।



### सहकार्यात्मक नीतिहरु

- वाल विवाहलाई निरुत्साहन गर्नकालागि गाउँपालिका क्षेत्र भित्र कार्यरत भलमन्सा, सहकारी संस्थाहरु, आमा समुहहरु, विद्यालय तथा क्याम्पसहरु, गैरसरकारी संघ संस्थाहरुका साथै अन्य सरोकारवालाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
- सुचेतना अभियान संचालन गर्न आवश्यक पर्ने तालिम सामग्री तयार गर्न तथा अन्य शिक्षामुलक सामग्री एवं प्रकाशनहरुकालागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- वाल विवाह सम्वन्धी कानूनी सचेतना फैलाउन तथा कानूनी उपचारकालागि कानून व्यवसायीहरु तथा कानून व्यवसायीहरुका व्यवसायीक संस्थाहरु तथा अन्य सरोकारवालाहरु संग सहकार्य गरिनेछ ।
- वाल विवाहको अन्त्यकालागि नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु तथा संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरुलाई आवश्यकता अनुसार सहकार्यकालागि आह्वान गरिनेछ । विभिन्न अभियानहरु संचालनकालागि आवश्यक पर्ने लागत खर्चकालागि कोष खड़ागरि सुस्यागत, तथा व्यक्तिगत दाताहरु, उद्योग एवं व्यापारिक प्रतिष्ठानहरु र गाउँपालिका विच आर्थिक साझेदारी र सहकार्य समेत गरिनेछ ।

### ६.२. छाउपडी सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु

- मासिकश्राव किशोरी अवस्थावाट सुरुहुने भएको हुनाले किशोरी केन्द्रीत सचेतना कार्यक्रमहरु तयगरि लागुगरिनेछ । किशोरी समुहहरुलाई स्वास्थ्य, सरसफाई, तथा पोषण समेटिएको एकिकृत प्याकेज तयार गरि अभिमुखिकरण संचालन गरिनेछ ।
- किशोरीहरु मासिकश्राव भएको वेला विद्यालय नजाने अवस्थाले गर्दा विद्यालयमा अनियमितता हुने गरेका छ । यसलाई न्युनीकरण गर्न विद्यालयमा आधारीत विशेष क्रियाकलाप संचालन गरिनेछ । मासिक श्रावका वेला किशोरीहरुलाई विद्यालय समयकालागि आवश्यक पर्ने स्यानीटरी सामग्रीहरु विद्यालय बाटै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- आमा समुहहरु, शिक्षक, राजनीतिक दलका भातृसंगठनहरु, युवा समुहहरु लगायत समुदायमा आधारीत साँस्कृतीक समुहहरु, सामुदायीक वन उपभोक्ता समितिहरु तथा अन्य सरोकारवालाहरु मर्फत समुदायमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सचेतनामुलक कार्यक्रम गर्दा ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकताका साथ समावेश गरिनेछ ।
- दलित तथा पिछडीएका वस्तीहरुमा विशेष प्राथमिकताका साथ अभियानहरु संचालन गरिनेछ ।
- धार्मिक संघसंस्थाका प्रमुख तथा प्रतिनीधिहरु, धामी झाँक्रीहरु, तथा पुरोहितहरु लाई छाउपडी प्रथा विरुद्ध अभिमुखिकरणगरि परिचालन गरिनेछ । यसकालागि समुदाय केन्द्रीत तालिम सामग्री तयार गरि उनीहरुलाई अभिमुखीकरण संचालन गरिनेछ ।
- छाउपडी प्रथा उन्मुलनमा लागि उदाहरणीय कामगर्ने परिवार, विशेष भुमिका निर्वाह गर्ने व्यक्ति, समुह तथा संघसंस्थाहरुलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनेछ ।

### दण्डात्मक नीतिहरु

- छाउपडी प्रथा रहेका घर परिवारहरु तथा छाउपडी प्रथा कायम राख्नकालागि दवाव सिर्जना गर्नेहरुलाई स्थानीय सरकारबाट प्रदान गरिने सेवा सुविधा रोक्कागर्ने नीति लिईनेछ ।

- संघ तथा प्रदेश मातहतमा छाउपडी उन्मुलनकालागि बनेका नीति, कानून तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरिनेछ ।
- गाउँपालिकासंग प्रत्यक्ष सरोकार राख्ने वा सहकार्य गर्ने निकायहरु, उपभोक्ता समितिहरु, टोल विकास संस्थाहरु, सामुदायीक वन उपभोक्ता समितिहरु, नागरिक सचेतना केन्द्र जस्ता समिति तथा संजालहरुमा छाउपडी प्रथालाई प्रोत्साहीत गर्ने व्यक्तिहरुको सहभागितालाई निरुत्साहित गरिनेछ ।
- राज्य कोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले छाउपडी प्रथालाई प्रोत्साहन पुग्ने कुनै काम गरे वा गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुविधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- छाउपडी प्रथा उन्मुलन गर्नकालागि कार्यरत गैरसरकारी संघ संस्थाहरु, स्थानीय सहकारी संस्थाहरु, आमा समुह तथा युवा क्लबहरु साथै अन्य सरोकारवालाहरु संग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।
- सरोकारवाला निकायहरुका विच विज्ञता, क्षमता, तथा श्रोत साधनहरुको उपलब्धताका आधारमा जिम्मेवारी बाँडफाँड गरिनेछ र रणनीति निर्माणकालागि समन्वय, सहकार्य र साझेदारी गरिनेछ । सहभागितात्मक आवधीक समिक्षाहरु आयोजना गरिनेछन् ।
- यस क्षेत्रमा कार्यरत तथा कामगर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु तथा विज्ञहरुसंग विभिन्न तालिम सामग्री, पाठ्य सामग्री तथा प्रचार सामग्री उत्पादन तथा वितरणका लागि सहकार्य गरिनेछ ।

**६.३. दाईजो प्रथा सचेतनात्मक, प्रवर्द्धनात्मक नीतिहरु**

- दाईजो रहित विवाहगर्ने जोडीहरुको तथ्यांक संकलन गरिनेछ । यस्ता व्यक्ति तथा परिवारलाई वार्षिक रुपमा सम्मान गरिनेछ र दाईजो सम्बन्धी सचेतना अभियानमा दुतको रुपमा परिचालन गरिनेछ ।
- दाईजोप्रथा निरुत्साहीत गर्ने कार्यक्रम संचालनकालागि स्थानीय संचारमाध्यमहरुसंग सहकार्य गरीनेछ । यस्ता कार्यक्रमहरुमा दाईजोरहित विवाह गर्ने जोडी तथा परिवारको बारेमा प्रचार प्रसार गरिनेछ ।
- दाईजोरहित विवाह गर्ने तथा दाईजोरहीत विवाहलाई प्रोत्साहन गर्न भूमिका निर्वाह गर्ने व्यक्ति तथा परिवारहरुलाई स्थानीय तहले लिने कर महशुलमा ५ प्रतिशत छुट दिनेव्यवस्था गरिनेछ ।
- दाईजो लिने र दिने परिवारको सूचना संकलन गर्ने, सूचना दिने व्यक्ति वा परिवारको नाम गोप्य राखी पुरस्कारको व्यवस्था गरिनेछ ।
- दाईजो लिने र दिने परिवारको तथ्यांक संकलन गर्ने र आवधिक रुपमा तथ्यांक विश्लेषण गर्ने प्रणालीको विकास गरिनेछ । यसकालागि गोप्य सुचना प्रणाली स्थापना गर्ने र सूचना दिनेलाई प्रोत्साहन तथा निजको संरक्षण गरिनेछ ।
- दाईजो प्रथालाई अन्त्यगर्दै दाईजोमुक्त गाउँ, वडा हुँदै क्रमस दाईजोमुक्त गाउँपालिका घोषणा गरिनेछै ।
- बैंक तथा वित्तिय संस्थाहरु एवं सहकारी तथा बचत समुहहरुले गरेका लगानीले दाईजो प्रथालाई प्रोत्साहन पुगेको बारेमा सुक्ष्म अध्ययन तथा अनुगमन गरिनेछ र यस्तो प्रकारको लगानीले दाईजो प्रथालाई प्रोत्साहन पुगेको पाईएमा सम्बन्धीत संस्था वा समुहलाई यसप्रती सचेत गराई उत्तरदायी बनाईनेछ ।



- विपन्न वर्गका बाल बालिकाहरुको शिक्षामा लगानी गर्न गाउँपालिकाबाट एक कोष खडा गरिनेछ । यस कोषमा रकम साझेदारीका लागि सार्वजनीक रुपमा आह्वान गरिनेछ । दाईजोमा खर्चगर्ने बराबरको वा यथासक्य रकमलाई समेत जम्मा गर्न अभिप्रेरित गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- दाईजो प्रथालाई निरुत्साहीत तथा दण्डित गर्ने संघीय तथा प्रदेशका कानून तथा नीतिहरुलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- दाइजो लिने दिने, दाईजोको निहुँमा यातना दिने वा यस सम्बन्धी अन्य प्रकारका अपराधमा संलग्न परिवारका सदस्यहरुलाई सहकारी, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति, समुदायिक वन उपभोक्ता समिति तथा अन्य प्रकारका प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि संयन्त्रहरुमा आवद्ध नगराउने नीति अवलम्बन गरिनेछ । यसकालागि समुदाय गठन तथा परिचालनगर्ने निर्देशिकाहरु तयार गर्दा वा अध्यावधी गर्दा नै यसबारे स्पष्ट व्यवस्था गरिनेछ ।
- दाइजो माग गर्ने सम्बन्धी कार्यमा संलग्न जुनसुकै व्यक्ति तथा लमी (घटक, मत्स्कुरे, अगुवा, मध्यस्थ, पितृ, वेकाबु, कारोबारी) लाई गाउँपालिकाले प्रदानगर्ने सेवा सुविधा रोक्कागर्ने नीति अवलम्बन गरिनेछ ।
- राज्य कोषबाट तलब, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले आफै दाईजो लिई वा दिई विवाह गरेको गराएको वा दाईजो प्रथालाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुविधा कटौती वा रोक्का गरिनेछ ।
- विवाहको समयमा, विवाह अगाडी वा पछाडी दाईजोका लागि मोलमोलाई भईरहेको, सूचना प्राप्त भएमा तत्काल हस्तक्षेप गरिनेछ र कानूनी कार्वाहीका लागि पठाईने छ । यसकालागि सरोकारवालाहरु विच सहकार्य गरिनेछ ।
- बैंक तथा वित्तिय संस्थाको लगानीले दाईजोको लागि प्रोत्साहन गरेको पाईएमा र यस बारेमा गाउँपालिकाले सचेत गराउँदा पनि अटेर वा बेवास्ता गरेमा त्यस्तो वित्तिय संस्थालाई गाउँपालिका क्षेत्र भित्र कारोवार गर्न रोक्का गर्ने नीति अवलम्बन गरिनेछ ।

**सहकार्यात्मक नीति**

- कुनै ठाउँमा दाइजो नल्याएको भनी यातना दिएको, स्वेच्छा विपरित विवाह अगाडि वा विवाह पश्चात लेनदेन सम्बन्धी मोलमोलाई भएकोजस्ता विषयमा द्रुत सूचना लिने संयन्त्रको विकास गरिनेछ । यसरी सूचना प्रणाली विकास गर्दा बृहद सहभागितात्मक प्रकृतिको निगरानी समुह निर्माण गरिनेछ तथा सूचनाहरुको तत्काल सम्बोधन गर्नकालागि सुरक्षा निकायसंग सहकार्य गरिनेछ ।
- दाईजो प्रथालाई निरुत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्नकालागि यस क्षेत्रमा काम गरिरहेका सार्वजनीक, नीजि तथा साझेदारी संस्थाहरु र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंग समन्वय, सहकार्य तथा साझेदारी गरिनेछ ।
- दाईजो निरुत्साहनका लागि तयार गरिने संचार सामग्री, प्रचार सामग्री, तालिम सामग्री तथा पाठ्य सामग्रीहरुको उत्पादन तथा वितरणकालागि संचार संस्था/माध्यम तथा अन्य संघ संस्थाहरुसंग सहकार्य, समन्वय तथा साझेदारी गरिनेछ ।

**६.४. जातीय छुवाछुत सचेतनात्मक, प्रवर्द्धनात्मक नीतिहरु**

- जातीय छुवाछुतलाई निरुत्साहित गर्नकालागि योजनाबद्ध सचेतना अभियानहरु संचालन गरिने छन् । यस्ता अभियानहरुमा समाजका अगुवा एवं गुरु पुरोहीतहरुलाई परिचालन गरिनेछ । अभियानमा सघाउ पुग्ने गरि सूचना सामग्रीहरुको उत्पादन र वितरण गरिनेछ ।
- जातीय छुवाछुत सम्वन्धी घटनाहरुको सूचना संकलनकालागि संयन्त्र तयार गरिनेछ र सूचना दिनकालागि सार्वजनीक रुपमा आह्वान गरिनेछ ।
- जातीय छुवाछुत अन्त्यकालागि विद्यमान कानूनी प्रावधान तथा छुवाछुतको ऐतिहासिक तथा सामाजिक एवं वैज्ञानीक पक्षलाई समेत समेटेर एकिकृत तालिम सामग्री तयार गरिनेछ र यसलाई विद्यार्थी, आमा समुह, किशोर तथा किशोरी समुहहरु, जेष्ठनागरिक क्लवहरु लगायतका समुदायहरुमा अभिमुखिकरणका लागि प्रयोग गरिनेछ ।
- दलित र गैरदलित समुदायहरुको सहभागितामा गरिने सहभोज कार्यक्रमहरुलाई वढावा दिईने छ ।
- जातीय छुवाछुतलाई अन्त्यगर्दै जातीय छुवाछुत मुक्त गाउँ, वडा हुँदै क्रमस छुवाछुत मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- जातीय छुवाछुत सम्वन्धी संघीय तथा प्रदेश कानूनहरुको कार्यान्वयनमा जोड दिईनेछ । छुवाछुत जस्तो अमानवीय अपराधमा दण्डहीनताको अन्त्य गरिनेछ ।
- जातीय छुवाछुत गर्ने गराउने व्यक्ति, तथा परिवारका सदस्यहरुलाई सहकारी संस्था, भलमन्सा, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति तथा अन्य प्रकारका प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि संयन्त्रहरुमा आवद्ध नगराउने नीति अवलम्वन गरिनेछ । यसकालागि आवश्यक निर्देशिकाहरु तथा कार्यविधीहरुमा नै यसको व्यवस्था गरिनेछ ।
- राज्यकोषवाट तलव, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले जातीय छुवाछुत गरेको गराएको वा छुवाछुतलाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुविधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- जातीय छुवाछुत अन्त्यका लागि अभियान चलाउँदै आएका सरकारी तथा गैरसरकारी संस्थाहरुसंग नीतिगत तथा कार्यक्रम गत सहकार्य गरिनेछ । यसका लागि संयुक्त रुपमा योजना तर्जुमा तथा कार्यान्वयन गर्नकालागि सम्वन्धित संस्थाहरुसंग सहकार्य गरिनेछ । यस्ता अभियानहरु एकद्वार प्रणालीवाट कार्यान्वयन गरिनेछ ।
- जातीय छुवाछुत सम्वन्धी कसुरलाई सजाय गराउन प्रहरी तथा प्रशासनसंग सहकार्य गरि कानून कार्यान्वयनमा सहकार्य गरिनेछ ।
- जातीय छुवाछुत अन्त्यकालागि संचालन गरिने अभियानहरुको संचालन, तालिम सामग्री, प्रचार सामग्रीहरुको उत्पादन, प्रकाशन तथा प्रसारणका लागि विभिन्न सरोकारवालाहरुसंग सहकार्य, समन्वय तथा साझेदारी गरिनेछ ।

## ६.५. बोक्सा बोक्सी सचेतनात्मक, प्रवर्धनात्मक नीतिहरु



- वोक्सा वोक्सी प्रथा विशेष गरि धामी, झाँक्री, जान्ने भनेर चिनीने व्यक्तिहरुसंग प्रत्यक्ष जोडीएर रहेको हुनाले उनीहरुको अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ । यसकालागि गाँउपालिका भित्र रहेका धामी, झाँक्री, जान्ने भनेर चिनीने व्यक्तिहरुको तथ्याँक संकलन गरिनेछ ।
- वोक्सा वोक्सी प्रथामा वढी अन्ध विश्वास राख्ने जातजाती, समुदाय तथा क्षेत्रहरुको पहिचान गरि यस प्रथाका विरुद्ध विद्यालय तथा समुदायमा आधारीत सूचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।
- वोक्सा वोक्सी प्रथा वारेको भ्रम चिर्नकालागि विभिन्न प्रचार प्रसार सामग्रीहरुको उत्पादन तथा वितरण गरिनेछ ।
- कहीं कतै वोक्सा वोक्सी भनी आरोप लगाई हिंसात्मक घटनाहरु भएको अवस्थामा सुचना दिई सहयोग गर्ने व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ र पुरस्कार वा सम्मान तथा सुरक्षाको समेत ग्यारेण्टी गरिनेछ ।

**दण्डात्मक नीतिहरु**

- वोक्सा वा वोक्सी भनेर आरोप लगाउने कार्यलाई पुर्ण रुपमा निरुत्साहीत गरि कानून कार्यान्वयनमा जोड दिईनेछ ।
- वोक्सा वोक्सी प्रथालाई सघाउ पुर्याई कसैमाथि यस्तो आरोप लगाउने तथा हिंसा गर्ने गराउने व्यक्ति, तथा परिवारका सदस्यहरुलाई सामुदायिक वन उपभोक्ता समिति, सहकारी, आमा समुहहरु, टोलविकास संस्था, उपभोक्ता समिति तथा प्रत्यक्ष रुपमा गाउँपालिकाको कुनैपनि प्रकारका संयन्त्रहरुमा आवद्ध नगराउने नीति अवलम्वन गरिनेछ । यसका लागि यी समुहहरु गठन तथा परिचालन गर्ने निर्देशिकाहरु वा कार्यविधिहरुमा नै त्यस्ता व्यक्तिहरुलाई समावेस नगराउने व्यवस्था स्पष्ट तोकिनेछ ।
- राज्यकोषवाट तलव, भत्ता तथा आर्थिक सेवा सुविधा लिने राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरुले वोक्सा वोक्सी लगाउने जस्तो निकृष्ठ अमानवीय व्यवहार गरेको गराएको वा यसलाई प्रोत्साहन पुग्ने कुनै काम गरेको गराएको पाईएमा नीजले खाइपाई आएको सेवा सुविधा कटौती वा रोक्का गरिनेछ ।

**सहकार्यात्मक नीति**

- वोक्सा वोक्सी प्रथाको उन्मुलनकालागि भलमन्सा, आमा समुहहरु, आधारभुत तहमा रहेका परम्परागत, जातीय तथा साँस्कृतिक समुहहरुलाई अभिमुखिकरण गरि यसको अन्त्यकालागि यस्ता समुदायहरुसंग सहकार्य गरिनेछ ।
- संघीय कानूनहरुको कार्यान्वयनकालागि प्रहरी तथा प्रशासनसंग सहकार्य गरिनेछ । यसकालागि गाउँपालिकाका तर्फवाट नियमित सम्पर्ककालागि जिम्मेवारी तोकीनेछ । द्रुत सूचना प्रणाली स्थापना गरि, हस्तक्षेप तथा पिडितको उद्दारकालागि आवश्यक पर्ने सवैसंग सहकार्य गरिनेछ ।

## ६.६. पिडितहरुको पुनःस्थापनाकालागि नीतिहरु

- सामाजिक कुरीतिका पिडितहरुको पुनःस्थापनाका लागि सुरक्षित आवास गृह तथा सेवाकेन्द्रको स्थापना गरिनेछ । पिडितहरुको जिवनयापनका लागि सिपमुलक तथा स्वरोजगार तालिम एवं आवश्यक पर्ने अन्य सहयोग गरिनेछ । यसकालागि सरोकारवाला संघ संस्था तथा निकायहरुसंग आर्थिक तथा भौतिक साझेदारी तथा सहकार्य गरिनेछ ।
- सामाजिक कुरीतीका पिडितहरुलाई कानूनी उपचारका क्रममा आवश्यकता अनुसार सेवाकेन्द्रहरुमा राख्ने व्यवस्था मिलाईनेछ । पिडित तथा उनका परिवारहरुलाई आवश्यकता अनुसारको मनोसामाजिक

परामर्शकोव्यवस्था गरिनेछ । यस कार्यकालागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु तथा विषय विज्ञहरुसंग सहकार्य गरिनेछ ।

- सामाजिक कुरीतिहरुका पिडितहरुको पुनःस्थापनाका लागि एक सहभागितात्मक कोष खडा गरिनेछ । कोष वृद्धीकालागि व्यक्तिगत तथा संस्थागत साझेदारी गरिनेछ । कोषको व्यवस्थित रुपमा परिचालन तथा पारदर्शिताकालागि छुट्टै निर्देशिका बनाई लागु गरिनेछ ।
- नीति कार्यान्वयन सम्वन्धी व्यवस्था यो नीतिको कार्यान्वयनकालागि गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रममा कृयाकलापहरुको तर्जुमा गर्नेछ । गाउँपालिका भित्र कार्यक्षेत्र भएका विकास साझेदारहरुलाई यो नीतिसंग मेल खानेगरि क्रियाकलापहरु तयगर्न लगाई साझेदारी गरिनेछ । यो नीति कार्यान्वयनका लागि, स्थानीय, प्रदेस एवं संघीय सरकारले लिएका नीति कार्यान्वयनमा नेतृत्व, समन्वय तथा अनुगमन गर्नकालागि देहाय वमोजिमका गाउँपालिका र वडा स्तरिय संयन्त्रहरु रहने छन्।



## अनुसुची १: सामाजिक कुरीति बिरुद्धकोनीतिमा आधारित बार्षिक क्रियाकलापहरु (नमुना)

१. बालविबाहको अन्त्य

| सि न | कियाकलापहरु | विनियोजित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

२. दाईजो प्रथा

| सि न | कियाकलापहरु | विनियोजित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

३ जातिय छुवाछुत अन्त्य गर्ने क्रियाकलापहरु

| सि न | कियाकलापहरु | विनियोजित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

४. बोक्सा बोक्सी

| सि न | कियाकलापहरु | विनियोजित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

५. पुनःस्थापनाका लागि क्रियाकलापहरु

| सि न | कियाकलापहरु | विनियोजित बजेट | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | | | | |

आज्ञाले,
नामः मीन बहादुर रावल
पद : प्रमुख प्रशासकीय अधिकृत